# हिमाली गाउँपालिकाको आर्थिक ऐन २०७५

हिमाली गाउँपालिका

बाजुरा जिल्ला

प्रदेश नं. ७

# हिमाली गाउँपालिकाको आर्थिक ऐन २०७५

**हिमाली गाउँपालिकाका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हिमाली गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि हिमाली गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** हिमाली गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** हिमाली गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिकाका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवाफत अनुसूची (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण- संचालन वा व्यवस्थापन गरेका अनुसूची ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क** : हिमाली गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटक शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. यस गाउँपालिकाभित्र कृषि फर्म लगायतका कृषि सम्बन्धी व्यवसायको शुल्क अनुसूची-१३ बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दइने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची -१
## सम्पतिकर

| क.स | घर जग्गाको मुल्य | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पहिलो रु ५ लाखसम्म | ०.२% | |
| २ | रु ६ लाखदेखि १० लाख सम्म | ०.२५ % | |
| ३ | रु ११ लाखदेखि १५ लाख सम्म | ०.३ % | |
| ४ | सो भन्दा माथि | ०.५ % | |

## अनुसूची -२
## घर बहाल कर रेट

| क.स | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | भवन | भाडाको १२% | |
| २ | घर | भाडाको १२% | |
| ३ | पसल | भाडाको १०% | |
| ४ | ग्यारेज | भाडाको १०% | |
| ५ | जग्गा | भाडाको १२% | |
| ६ | गोदाम | भाडाको १२% | |

| | | | |
|---|---|---|---|
| ७ | टहरा | भाडाको १०% | |
| ८ | पोखरी | भाडाको १०% | |
| ९ | कारखाना | भाडाको १५ % | |

# अनुसूची-३
## व्यवसाय कर दर रेट

| क्र.स | विवरण | वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | होटल व्यवसाय | १२००। | |
| २ | खाद्यान्न ,किराना,डिलर | ६००। | |
| ३ | कपडा पस  थोक एवम् खद्रा ठूलो फेन्सी<br>सानो फेन्सी | १८००।<br>१०००। | |
| ४ | विद्युतीय सामाग्री | १२००। | |
| ६ | निमार्ण सामाग्री | २४००। | |
| ७ | खाद्यान्न होलसेल पसल | १८००। | |
| ८ | जुत्ता चप्पल ठूलो सानो | १८००।<br>८००। | |
| ९ | विविध श्रृङ्गार पसल | ६००। | |
| १० | केवुल नेटवर्किङग | ७००। | |
| ११ | सुन चाँदी पसल | १०००। | |
| १२ | मदिरा पसल डिलर खुद्रा | २४००।<br>१२००। | |
| १३ | पुस्तक तथा पत्रपत्रिका पसल (स्टेशनरी) | १०००। | |
| १४ | नर्सरी तथा फलफूलका विरुवा बीउ वितरण | ५००। | |
| १५ | पेन्टर | ५००। | |
| १६ | तरकारी तथा फलफूल पसल | ५००। | |
| १७ | विज भण्डार एग्रोभेट | १०००। | |
| १८ | मासु पसल | १२००। | |
| १९ | रेष्टुरेण्ट ठूलो सानो | २०००।<br>१०००। | |
| २० | टेलरिङ् सेन्टर ठूलो , सानो | १०००। र ५००। | |
| २१ | हेयर कटिङ | ५००। | |
| २२ | रङ्गरोगन | ५००। | |
| २३ | चस्मा पसल | ३००। | |
| २४ | चुरोट कम्पनी डिलर | १२००। | |
| २५ | ग्यास सिलेन्डर विक्रेता | १०००। | |
| २६ | जुत्ता मर्मत गर्ने पसल | २५०। | |

| | | | |
|---|---|---|---|
| २७ | डिस एन्टेना केवल लाइन प्रसारण व्यवसाय | १०००। | |
| २८ | फोटो स्टुडियो | ५००। | |
| २९ | आर्ट | ३००। | |
| ३० | कुखुरा फर्म | १२००। | |
| ३१ | हाटबजार | प्रति वर्ग रु १२००। | |

**व्यवसाय कर जरिवाना**

**एक वर्षमा २ प्रतिशतका दरले २ वर्षमा ५ प्रतिशत र ३ वर्ष वा सोभन्दा माथि १० प्रतिशत**

| क्र.स | विवरण | वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | घडी रेडियो टिभि मोबाइल लगायत मर्मत | ५००। | |
| २ | गहना मर्मत पसल | ५००। | |
| ३ | छापाखाना तथा छाप | १०००। | |
| ४ | सहकारी बैङ्क | ५००। | |
| ५ | वित्तीय सेवा र सहकारी संस्था रेमिटेन्स सेवा र वीमा एजेन्ट तथा प्राईभेट वाणिज्य बैङक | १२००। | |
| ६ | औषधि पसल , ठूलो ,मझौला , सानो पसल | १५०००। ,१०००। , ५००। | |
| ७ | दाँत बनाउने तथा क्लिनिक ल्याब | १२००। | |
| ८ | निजी क्षेत्रका विद्यालय र क्याम्पस | १०००। , २०००। | |
| ९ | दाइपिङ, कम्प्यूटर भाषा सिकाइ बुनाइ लगायत अन्य प्रशिक्षण संस्था | ५००। | |
| १० | टेक्निकल इन्स्टिच्युट | २०००। | |
| ११ | निमार्ण व्यवसाय क,ख, ग,घ | ५५००। , २५००। , २०००। र १५००। | |
| १२ | निजी क्षेत्रका कुरियर फ्याक्स इमेल इन्टरनेट टेलिफोन, | ५००। | |

## अनुसूची-४

## जडिवुटी दर रेट

| क्र.स | जडिबुटी | यस गा.पा.मा उत्पादन हुने प्रतिकेजी | कैफियत |
|---|---|---|---|
| १ | कटुकी प्रति केजी | १५ | |
| २ | अत्तिस | २० | |
| ३ | जटामसी | १० | |
| ४ | चिराइतो | १५ | |
| ५ | कालादाना | १० | |
| ६ | भुतकेश | १० | |
| ७ | गुच्ची च्याउ | ५०० | |
| ८ | सिलाजित | २० | |
| ९ | काँकडसिलो | १५ | |
| १० | भोजपत्र | १० | |
| ११ | सुगन्धवाल | १० | |
| १२ | सुनपाते | १० | |
| १३ | विषजरा | १५ | |
| १४ | पोडे | २५० | |
| १५ | यार्सागुम्बा | ५००० | |
| १६ | पदमचाल | ५ | |
| १७ | पाँच औले | ५० | |
| १८ | घोडामर्चा | ५ | |
| १९ | सतुवा | १०० | |
| २० | डालेचुक | ५० | |
| २१ | धुपजडी | १० | |
| २२ | लोठसल्ला | १० | |
| २३ | रातो च्याउँ | २५० | |
| २४ | काठको फुरु प्रति गोटा | ५० | |
| २५ | सजैनु | ५ | |
| २६ | बोजो | १० | |
| २७ | पाखनबेद | ५ | |
| २८ | दालचिनी | १० | |

| | | | |
|---|---|---|---|
| २९ | टिमुर | १० | |
| ३० | जैतुन | ५० | |
| ३१ | खिरौला | ५ | |
| ३२ | घिउकुमारी | १० | |

## अनुसूची-५
## सवारी कर दर रेट

| क्र.स | सवारी साधनको किसिम | दररेट वार्षिक | कैफियत |
|---|---|---|---|
| १ | मोटर साईकल तथा स्कुटर | १००। | |
| २ | खच्चर र गधा | १०। र ५। | |
| ३ | भाडा कार जीप भ्यान | १८००। | |
| ४ | प्राइभेट टेम्पु | १००। | |
| ५ | ट्र्याकटर ठूलो सानो | १८००।<br>१२००। | |
| ६ | हेभी गाडी डोजर केन | २००। | |

## अनुसूची-६
## विज्ञापन कर

| | | | |
|---|---|---|---|
| १ | साइनबोर्ड , ग्लोबार्ड स्टल,आदिमा २५ वर्ग फूटसम्म सोभन्दा माथि | ३००।<br>५००। | |

## अनुसूची-७
## मनोरञ्जन कर

यस गाउँपालिकाभित्र सञ्चालन भएका साँस्कृतिक कार्यक्रम संगीत तथा अन्य मनोरञ्जन कर बार्षिक रु ५०० मात्र ।

## अनुसूची-८
## बहाल विटौरी कर

| क्र.स | विवरण | | दररेट वार्षिक रु | कैफियत |
|---|---|---|---|---|
| | गा.पा.ले निर्माण गरेकोमा | रेखदेख वा सञ्चालन गरेकोमा | | |
| १ | हाटबजार तथा पसल | हाटबजार | २४००। | प्रतिवर्ग मि |

## अनुसूची-९
## पाकिङ्ग शुल्क

| क्र.स | सवारी किसिम | दररेट प्रतिदिन | कैफियत |
|---|---|---|---|
| १ | बाइक | १० | |
| २ | कार | १५ | |
| ३ | बस ट्रक | ४० | |
| ४ | ट्रयाक्टर | ५० | |
| ५ | पशु सवारी | १० | |

## अनुसूची-१०

## ट्रेकिङ्ग लगायतका शुल्क

| क्र.स | विवरण | दररेट बार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग | ५००। | |
| २ | ऱ्याफ्टिङ | १०००। | |

## अनुसूची-११
## सेवा शुल्कसम्बन्धी दररेट

| क.स | सिफारिसको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित | १००। | |
| २ | जम्म मिति प्रमाणपत्र | ५०। | |
| ३ | विवाहित तथा अविवाहित प्रमाणपत्र | १५०। | |
| ४ | अङग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित | १५०। | |
| ५ | घर पाताल प्रमाणित | ५० | |
| ६ | व्यक्तिगत विवरण प्रमाणित | १००। | |
| ७ | जीवितसँगको नाता प्रमाणित | ५०। | |
| ८ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ९ | संरक्षण प्रमाणित | ५० | |
| १० | कागज र मन्जुरीनामा प्रमाणित | १५० | |
| ११ | जग्गा मुल्याङ्याकन सफिारिश प्रमाणित | ०.५ प्रतिशत | |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता र आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५० र १०० | |
| १३ | नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिश | ५० प्रतिलिपि १०० | |
| १४ | बहाल करको लेखाजोखा सिफारिश | १०० | |
| १५ | माही लगत कट्टाको सिफारिश | ५० | |
| १६ | घर जग्गा करको लेखाजोखा गरी सिफारिश | १०० | |
| १७ | व्यापार व्यवसाय बन्द भएको , सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश | १५० | |
| १८ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिश | ५०० | |
| १९ | निःशुल्क स्वास्थ्य उपचारको सिफारिश | २५ | |
| २० | पुर्जामा घर कायम गर्ने सिफारिश | ३०० | |
| २१ | फरक,फरक नाम , थर , जम्म मिति प्रमाणिततथा दबै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | ५० | |
| २२ | नाम , थर , वा जन्म मिति सशोधनको सिफारिश | ५० | |
| २३ | जग्गा धनी पूर्जा हराएको सिफारिश | १५० | |
| २४ | कित्ताकाट गर्न सिफारिश | २०० | |
| २५ | नामसारी गर्न सिफारिश | २५० | |
| २६ | जगगाको हक सम्बन्धमा सिफारिश | १०० | |
| २७ | ठूलो , मझौला र सानो उद्योग ठाउँ | ५००,२५० | |

| | | | |
|---|---|---|---|
| | | र १५० | |
| २८ | जीवित रहेको सिफारिश | १०० | |
| २९ | विद्यालय खोल्न सिफारिश | १००० | |
| ३० | विद्यालयको कक्षा थप गर्न सिफारिश | ५०० | |
| ३१ | विद्यालय ठाउँसारी गर्न सिफारिश | ५०० | |
| ३२ | पालन पोषणको लागि सिफारिश | ५० | |
| ३३ | बैवाहिक अङ्गिकृत नागरिकता सिफारिश | १०० | |
| ३४ | धारा तथा विद्युत जडानको लागि सिफारिश | १०० | |
| ३५ | प्रचलित कानून अनुसार प्रत्यायोजित पिछडिएको लगायत अन्य सिफारिश वा प्रमाणित | ५० | |
| ३६ | पञ्जिरण सेवा शुल्क नयाँ र प्रतिलिपि | ५० | ३५ दिन भित्र निशुल्क |
| ३७ | मदिरा पसल दर्ता सिफारिश | १२०० | |
| ३८ | अन्य पसल दर्ता सिफारिश | ५०० | |
| ३९ | उधोग दर्ता सिफारिश ठूलो ,मझौला र सानो | १५००, १०००,५०० | |
| ४० | फर्म , नर्सरी आदि दर्ता सिफारिश | ३०० | |
| ४१ | होर्डिङ बोर्ड , साइन बोर्ड , पोस्टर,पम्पलेट, राख्न खोजेको गापाको स्वीकृत सिफारिश | १०० | |
| ४२ | चार किल्ला प्रमाणित र थप प्रतिपाना रु १० | १०० | |
| ४३ | जग्गा धनी पूर्जा हराएको | १५० | |
| ४४ | कागज र मन्जुरीनामा सिफारिश | १५० | |
| ४५ | सर्जमीन शुल्क | १५० | |
| ४६ | दण्ड जरीवाना न्यूनतम १०० बढीमा ५००० प्रकृति अनुसार | | |
| ४७ | नक्सा  पास दस्तुर | ३०० | |
| ४८ | अधिकृत बिक्रेता सिफारिश | १००० | |
| ४९ | योजना सम्झौता सिफारिश | ५० | |
| ५० | योजना सम्पन सिफारिश | ५० | |
| ५१ | योजना सम्झौता दस्तुर | २०० | |
| ५२ | योजना सम्पन्न दस्तुर | ०.०५ | प्रतिहजार |

## अनुसूची-१२
## पर्यटक शुल्क दर रेट

| क्र.स | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ति कर | २००० | |
| २ | घर बहाल कर | १०००० | |
| ३ | व्यवसाय कर | १०००० | |
| ४ | जडिबुटी , कवाडी र जीवजन्तु कर | ५०००० | |
| ५ | सवारी साधन कर | ५००० | |
| ६ | विज्ञापन साधन कर | १००० | |
| ७ | मनोरञ्जन कर | ५०० | |
| ८ | बहाल विटौरी कर | १००० | |
| ९ | पार्किङ्ग शुल्क | १००० | |
| १० | ट्रेकिङ्ग लगायतका शुल्क | ५०० | |
| ११ | सेवा शुल्क दस्तुर | १००००० | |
| १२ | पर्यटन शुल्क | २००० | |

## अनुसूची-१३
## कृषि दर्ता शुल्क

<table>
<tr><td>१</td><td>कृषि फर्म दर्ता शुल्क<br>नवीकरण</td><td colspan="2">१००।<br>५०।</td><td>कैफियत</td></tr>
<tr><td>२</td><td>समूह दर्ता शुल्क<br>नवीकरण</td><td colspan="2">२००।<br>५०।</td><td></td></tr>
<tr><td>३</td><td>वीउविजन वितरण दर्ता शुल्क</td><td colspan="2">१०।</td><td></td></tr>
<tr><td>४</td><td rowspan="10">पशुपंक्षि औषधि वितरण दर्ता शुल्क</td><td>बाखा</td><td>५</td><td></td></tr>
<tr><td>५</td><td>कुखुरा</td><td>५</td><td></td></tr>
<tr><td>६</td><td>गाई भैसी</td><td>१०</td><td></td></tr>
<tr><td>७</td><td>कुकुर विरालो</td><td>२५</td><td></td></tr>
<tr><td>८</td><td>घोडा खच्चड</td><td>५०</td><td></td></tr>
<tr><td>९</td><td>गोवर जाँच</td><td>१५</td><td></td></tr>
<tr><td>१०</td><td>पोष्ट मार्तम कुखुरा</td><td>५०</td><td></td></tr>
<tr><td>११</td><td>ठूला जनावर</td><td>२००</td><td></td></tr>
<tr><td>१२</td><td>माईनर सर्जिकल सेवा</td><td>२०</td><td></td></tr>
<tr><td>१३</td><td>घोडा खच्चड सेवा शुल्क</td><td>१०० प्रतिवर्ष</td><td></td></tr>
</table>